धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित

MABILUNG ENERGY LTD.

# माबिलुङ्ग इनर्जी लिमिटेड
# Mabilung Energy Limited

**माथिल्लो पिलुवाखोला-३ जलविद्युत आयोजना (४.९५मे.वा.)**

रजिष्ट्रार कार्यालय : ललितपुर-१०, नेपाल, फोन नं :०१-५४२९१७६,
इमेल: mabilung@gmail.com वेवसाइट: www.mabilung.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

माबिलुङ्ग इनर्जी लिमिटेडको आफ्नो जारी पूँजी रु.३८,५८,२४,०००/- को ४८.९९९८% अर्थात रु.१८,९०,५३,०००/- रकम बराबरको रु.१०० अंकित दरका १८,९०,५३० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये जारी पूँजीको १०% अर्थात रु.३,८५,८२,४००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,८५,८२४ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र सर्वसाधरणमा निष्काशन रु.१००/- अंकित दरका १५,०४,७०६ कित्ता शेयर मध्ये १,५०,४७१ कित्ता (१० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी रहेको १३,५४,२३५ कित्ता मध्ये ३०,०९५ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र ७५,२३६ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १२,४८,९०४ कित्ता साधारण शेयरहरु मिति २०८२ श्रावण २६ गतेदेखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकाले **आज मिति २०८२ श्रावण २९ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ श्रावण २९ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,०००**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | २०८१ चैत्र मसान्तसम्म | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| प्रति शेयर नेटवोर्थ (रु.) | ९९.८४ | १०४.३७ | १०५.९० | १०६.९५ | १०२.९२ | १११.५९ | १२२.४९ |
| प्रति शेयर आम्दानी (रु.) | – | ४.५० | १.५२ | १.०५ | (0.0८) | ८.६७ | १०.८९ |
| संचित नाफा/(नोक्सानी) | (२५६.६१) | ८,६०७.८६ | ११,६०४.९१ | १२,४२२.०० | ११,२७८.३२ | ४४,७३५.०७ | ८६,७६७.२९ |

| आयोजनाको नाम | कुल अनुमानित लागत रकम करोडमा (रु.) | प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | (IRR) |
|---|---|---|---|---|---|---|
| माथिल्लो पिलुवाखोला-३ जलविद्युत आयोजना उत्पादन क्षमता ४.९५ मे.वा. | रु. ११३.६० | रु.२२.९५ | अनुमति पत्र वहाल रहने अवधि मिति २०७७/०४/०९ देखि २११२/०४/०८ सम्म रहेकोले ३१ वर्ष बाँकी रहेको छ । | ९.४३ वर्ष | १७.०९ वर्ष | ११.७१ % |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ जुलाई १ गते "[ICRANP-IR] B+" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (High risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA b]lv [ICRANP-IR] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक अवस्थालाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट)(पृष्ठ नं. ५६) उल्लेखि गरिएको छ ।

**इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/०७/०१ (२०८२।०३।१७)** **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/०६/२६ (२०८३।०३।१२)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**L S CAPITAL**

लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड

A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त
(लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभिएको)

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन : ०१-५९७००६४/४५२८६८८
Email : info@lscapital.com.np
URL: www.lscapital.com.np